त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मिति :२०७५।०५।०४

## इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गत पुल्चोक क्याम्पसको बी.ई./बी.आर्क. तहमा भर्ना सम्बन्धी सूचना

इन्जिनियरिङ्ग अध्ययन संस्थान प्रवेश परीक्षा बोर्डद्वारा शैक्षिक वर्ष २०७५।०७६ मा बी.ई./बी.आर्क. तहमा भर्नाका लागि २०७५ सालमा लिइएको प्रवेश परीक्षामा उत्तीर्ण भएका परीक्षार्थीहरु मध्ये यस क्याम्पसमा भर्ना हुन चाहने आवेदकहरुको लागि निम्नानुसारको कार्यक्रम प्रकाशन गरिएको छ ।

| कार्यक्रम | मिति र समय |
|---|---|
| १. भर्नाका लागि आवेदन फाराम (Online Application Form) भर्ने | २०७५ भाद्र ०५ गते विहान १०:०० बजे देखि २०७५ भाद्र ०८ गते साँझ ५:०० बजेसम्म |
| २. कोटाको लागि निवेदन दिनुपर्ने (कोटाका लागि पहिला Online Application Form अनिवार्य भर्नु पर्ने छ ) | २०७५ भाद्र ०५ गते विहान १०:०० बजे देखि भाद्र ०८ गते साँझ ५:०० बजेसम्म<br>सूचना प्रविधि केन्द्र, पुल्चोक क्याम्पसमा बुझाउनु पर्नेछ । |
| ३. आवेदकहरुको नामावली प्रकाशन | २०७५ भाद्र ०९ गते विहान १०:०० बजे |
| ४. प्राथमिकतामा थपघट वा संशोधन | २०७५ भाद्र ०९ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म |
| ५. आवेदकहरुको अन्तिम नामावली प्रकाशन | २०७५ भाद्र ०९ गते साँझ ०७:०० बजे । |
| ६. आर्किटेक्चरको झुकाव परिक्षा (Aptitude Test) | २०७५ भाद्र १० गते विहान ०८:०० बजे । |
| ७. आर्किटेक्चरको झुकाव परिक्षा (Aptitude Test) को नतिजा प्रकाशन | २०७५ भाद्र ११ गते विहान १०:०० बजे । |
| ८. प्रथम सूची प्रकाशन | २०७५ भाद्र १२ गते साँझ ०५:०० बजे । |
| ९. प्रथम सूची उपर दावि विरोध | २०७५ भाद्र १३ गते विहान १०:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| १०. संशोधित प्रथाम सूची प्रकाशन | २०७५ भाद्र १३ गते साँझ ५:०० बजे |
| ११. प्रथम सुचीको भर्ना | २०७५ भाद्र १४,१५,१६,१७ र १८ गते विहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म<br>(कार्यक्रम अनुसारको विस्तृत भर्ना तालिका प्रथम सूची संगै प्रकाशन गरिनेछ ।) |
| १२. दोस्रो सूची प्रकाशन | २०७५ भाद्र २० गते विहान १०:०० बजे । |
| १३. दोस्रो सूची उपर दावी विरोध | २०७५ भाद्र २० गते विहान १०:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| १४. संशोधित दोस्रो सूची प्रकाशन | २०७५ भाद्र २० गते साँझ ५:०० बजे । |
| १५. दोस्रो सूचीको भर्ना | २०७५ भाद्र २१र २२ गते विहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म। |
| १६. तेस्रो सूची प्रकाशन | २०७५ भाद्र २५ गते विहान १०:०० बजे |
| १७. तेस्रो सूची उपर दावी विरोध | २०७५ भाद्र २५ गते विहान १०:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| १८. संशोधित तेस्रो सूची प्रकाशन | २०७५ भाद्र २५ गते साँझ ५:०० बजे |
| १९. तेस्रो सूचीको भर्ना | २०७५ भाद्र २६ र २७ गते विहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| २०. रिक्त सिटहरुको लागि सूचना प्रकाशन | २०७५ भाद्र २९ गते । |

**द्रष्टब्यः उपरोक्त कार्यक्रमहरुका दिन सार्वजनिक विदा वा आकस्मिक विदा परेमा समेत भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यक्रमहरु यथावत रहने व्यहोरा सम्बन्धित सवैलाई जानकारी गराइन्छ ।**

१) **अनलाइन फाराम भर्ने व्यवस्थाः**

यस क्याम्पसमा स्नात्तक तहका विभिन्न कार्यक्रमहरुमा भर्ना हुनको लागि Online Application Form भर्ने व्यवस्था गरिएकोले २०७५ भाद्र ०५ गते विहान १०:०० बजेदेखि २०७५ भाद्र ०८ गते अपरान्ह ५:०० बजेसम्म Online Form भर्न सकिनेछ । यो फाराम यस क्याम्पसको Website www.pcampus.edu.np मा उपलब्ध हुनेछ । फाराम भरेपछि फाराम भरेको प्रमाण स्वरुप Confirmation Page प्रिन्ट गरी साथै राख्नु पर्नेछ ।

- Online Form भर्दा आवेदकले आफुले चाहेको विषय अनुसारको प्राथमिकताक्रम तोकि आवेदन दिनु पर्नेछ ।

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

- Online Form भर्दा आवेदकले अनिवार्य रुपमा नागरिकता Upload गर्नु पर्ने छ, विदेशी नागरिकले सम्बन्धित देशको पासपोर्ट वा राजदूतावसबाट प्रमाणित गरेको फोटो सहितको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि Upload गर्नु पर्ने छ ।
- कोटामा आवेदन दिन चाहने आवेदकहरुले आवेदन गर्दा कोटा तर्फ बाटै Online Form अनिवार्य भर्नु पर्नेछ ।
- कोटाका आवेदकहरुले खुल्ला सिटको लागि पनि आवेदन दिन चाहेमा दुबै तर्फ छुट्टा छुट्टै फाराम भर्नु पर्नेछ । यस्ता आवदेकहरुको नाम कोटा तर्फ प्रकाशित भएमा निजहरुको नाम खुल्ला तर्फको सूचीमा स्वतः समावेश हुने छैन ।

**२) बैंक भाउचर भर्दा ध्यान दिनुपर्ने कुराहरुः**

क) भर्नाको लागि Online Application Form भर्दा प्रति विषय रु.३००।- का दरले शुल्क लाग्नेछ । कुनै पनि बिषयको नियमित (Regular) र पूर्णशुल्किय (Full Fee) दुवै कार्यक्रममा भर्ना हुन आवेदन दिएमा सो लाई दुई बिषय मानिनेछ । आवेदकले आफुले राख्ने प्राथमिकता अनुसारको शुल्क पहिले नै बैंकमा दाखिला गर्नु पर्नेछ । यस्तो शुल्कको हिसाब Online मार्फत पनि गर्न सकिनेछ । उल्लेखित शुल्क सिद्धार्थ बैंक लिमिटेड पाटन ढोका शाखामा रहेको यस क्याम्पसको खाता नं. ००९१५०१९२०३ मा जम्मा गरी प्राप्त भएको भाउचर लिनु पर्नेछ ।

ख) आर्किटेक्चर कार्यक्रममा आवेदन दिन चाहने आवेदकहरुका लागि उपरोक्त शुल्कमा झुकाव परीक्षा (Aptitude Test) वापत थप रु.३०० लाग्नेछ ।

ग) बैंक भाउचर भर्दा संलग्न नमूना अनुसार Deposited by मा आवेदकको पुरा नाम र IOE Entrance Exam को Roll No. प्रष्ट संग लेख्नु पर्नेछ ।

**३) प्राथमिकता क्रममा थपघट वा संशोधनः**

अनलाइन फाराम भर्दा तोकेको प्राथमिकता क्रममा थपघट वा संशोधन गर्नु परेमा मिति २०७५ भाद्र ०९ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजे सम्ममा थपघट वा संशोधन गर्न सकिनेछ । कार्यक्रम थपघट वा संशोधनको लागि निम्नानुसार थप शुल्क बैंक भाउचर संलग्न गरी क्याम्पस भर्ना समितिमा निवेदन दिनु पर्नेछ ।

प्राथमिकता संशोधन शुल्क रु.३००।- लाग्नेछ ।
बिषय थप गर्नु परेमा प्रति बिषय रु.३००।- लाग्नेछ ।
प्राथमिकता घटाएमा बुझाइसकेको शुल्क फिर्ता हुने छैन ।

**४) सुरक्षित कोटामा आवेदन सम्बन्धमा**

भर्ना सम्बन्धी जानकारी पुस्तिका २०७५ को दफा ६ को उपदफा ६.२, ६.३, ६.४ र ६.५ मा उल्लेखित कोटाहरूको लागि आवेदन गर्ने आवेदकहरूले बुझाउनुपर्ने आवश्यक कागजात र निवेदन मिति २०७५ भाद्र ०५ गतेदेखि भाद्र ०८ गते अपरान्ह ५:०० बजेसम्म पुल्चोक क्याम्पस, सूचना प्रविधि केन्द्रमा निम्न कागजातहरू सहित निवेदन दर्ता गराउनु पर्नेछ ।

क) बुँदा नं. १ मा उल्लेख गरिएको Online आवेदन भरेको Confirmation Page।
ख) कोटा सम्बन्धी प्रावधान ६.२, ६.३, ६.४ र ६.५ का सन्दर्भमा

- दफा ६.२ शिक्षक/कर्मचारी कोटाका आवेदकले आफू कुन क्याम्पसको शिक्षक/कर्मचारी हो र कुन विषय पढ्न खोजेको हो, त्यो खुलाएको निवेदन को साथमा इ. अ. संस्थान डीनको कार्यालयबाट पूर्व स्वीकृती पत्र । शिक्षक कर्मचारीका छोरा छोरीका लागि आवेदन दिने भएमा कुन क्याम्पसको शिक्षक/कर्मचारी हो र छोरा छोरी कुन विषय पढ्न खोजेको हो त्यो खुलाएको निवेदन को साथमा सम्बन्धित शिक्षक कर्मचारी कार्यरत क्याम्पस कार्यालयबाट सिफारिस पत्र ।
- दफा ६.३ अनुसार आवेदन दिने आवेदकहरू आफूले कुन कुन समुदायको तर्फबाट आवेदन दिएको हो सो खुलाइ सूचना प्रविधि केन्द्र, पुल्चोक क्याम्पसमा निवेदन पेश गर्नु पर्ने छ ।

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

- दफा ६.३ को सम्बन्धमा आरक्षण कोटामा भर्ना हुन चाहने आवेदकहरूले निम्न बमोजिम कागजातहरू निवेदन साथ पेश गर्नु पर्ने छ ।
  १. उम्मेदवारले अनिवार्य रुपमा सरकारी/सामुदायिक विद्यालयमा अध्ययन गरेको हुनुपर्ने छ। यसको प्रमाण स्वरुप कक्षा ८, एस. एल. सी./एसईई तहको लब्धाङ्कपत्र तथा उक्त विद्यालय सरकारी/सामुदायिक विद्यालय भएको भनि सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट प्राप्त प्रमाण पत्र पेश गर्नु पर्नेछ। अथवा नेपाल सरकार वा नेपाल सरकारको मान्यता प्राप्त संस्थाबाट छात्रवृत्ति प्राप्त गरेको हुनु पर्नेछ ।
  २. कक्षा ११ र १२ वा सो सरहको तहमा अध्ययन गर्दा सामुदायिक वा त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसमा अध्ययन गरेको हुनु पर्नेछ । अथवा नेपाल सरकार वा नेपाल सरकारको मान्यता प्राप्त संस्थाबाट छात्रवृत्ति प्राप्त गरेको हुनु पर्नेछ ।
  ३. कक्षा ११ र १२ मा न्यूनतम ४५ प्रतिशत तथा Letter Grading भएमा सबै विषयमा न्यूनतम C Grade प्राप्त गरि पहिलो प्रयासमै उत्तीर्ण भएको हुनु पर्नेछ ।
  ४. सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट निम्न बमोजिम विवरण स्पष्ट हुने गरी अनिवार्य रूपमा बिपन्नताको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।
    क) बुबा आमाको आम्दानीको श्रोत खुलेको हुनुपर्ने ।
    ख) बुबा आमाको जग्गा जमिनको क्षेत्रफल उल्लेख हुनुपर्ने ।
    ग) पक्की घर भए/नभएको उल्लेख हुनुपर्ने ।
    घ) विवाहित भए श्रीमान् वा श्रीमतीको सम्पत्तिको श्रोत उल्लेख हुनुपर्ने ।
- दफा ६.३ अनुसार आवेदन दिने आवेदकले खुल्ला सहित एक भन्दा बढि आरक्षण कोटामा आवेदन दिएमा ६.३ (ख) को विपन्न कोटाको क्रमअनुसार पछिल्लो कोटालाई प्रथम प्राथमिकता र त्यस भन्दा अगाडिको कोटाहरूको प्राथमिकता घट्दो क्रममा राखि खुल्लालाई अन्तिम प्राथमिकतामा राखेर भर्ना सूचीमा नाम प्रकाशन गरिने छ । जस्तै कुनै आवेदकले महिला र जनजाति कोटा तर्फ आवेदन दिएको खण्डमा जनजाति कोटालाई प्रथम प्राथमिकतामा राखि उक्त आवेदकको नाम योग्यता क्रमले भ्याएमा जनजाति तर्फबाट भर्ना सूचीमा नाम प्रकाशित गरिनेछ। तर जनजातिमा प्रकाशन गर्न योग्यताक्रमले नभ्याएमा महिला तर्फमा प्राथमिकता राखि योग्यताक्रमले भ्याएमा भर्ना सूचीमा नाम प्रकाशन गरिने छ।
- दफा ६.४ (क) का लागि सरकारी कार्यालय र सरकारी स्वामित्व रहेको संस्थाहरूमा कार्यरत कर्मचारीहरू ४ वर्षको लागि (आर्किटेक्चर भए ५ वर्षका लागि) अध्ययनमा सम्मिलित हुन सक्ने विभागीय स्वीकृती पत्र तथा प्रायोजन गर्ने संघ संस्थाको पत्रको सक्कल प्रति । उक्त प्रायोजन गर्ने संस्था नेपाल सरकारको जिल्ला स्तरीय संस्था हुनु पर्ने छ वा नेपाल सरकारको जिल्ला स्तरीय संस्था द्वारा सिफारिस गरिएको हुनु पर्ने छ।
- दफा ६.४ (ख) का आवेदकले प्रायोजन गर्ने सरकारी कार्यालयको अध्ययन अवधिको लागि प्रायोजित गरिएको पत्रको सक्कल प्रति र सम्बन्धित विद्यार्थी कक्षा ८, एस. एल. सी., ११, १२ उत्तीर्ण गरेको विद्यालय सामुदायिक/सरकारी हो भनि शिक्षा मन्त्रालय वा सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट प्रमाणित सक्कल पत्र वा आवेदक नेपाल सरकारको मान्यता प्राप्त संस्थाबाट छात्रवृत्ति प्राप्त गरेको हुनु पर्नेछ। उक्त प्रायोजन गर्ने संस्था नेपाल सरकारको जिल्ला स्तरीय संस्था हुनु पर्ने छ वा नेपाल सरकारको जिल्ला स्तरीय संस्था द्वारा सिफारिस गरिएको हुनु पर्ने छ।
- ६.४ (क) र ६.४ (ख) मा आवेदन दिने आवेदकहरूले प्रायोजन गर्ने संस्थाले गरेको मनोनयन सम्बन्धी निर्णयको प्रतिलिपि सहित मनोनयन पत्रका साथमा कुन विषयमा पढ्नका लागि प्रायोजन गर्न लागेको हो त्यो खुल्ने गरी प्रायोजन गर्ने प्रतिबद्धतासहितको प्रायोजन गर्ने कार्यालयको पत्रको सक्कल प्रति ।

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

- उपरोक्त उल्लेख भए बमोजिम दफा ६.४ (क) र ६.४ (ख) मा उल्लेखित कोटामा आवेदन दिने आवेदक भर्नाको लागि छनोट भएमा भर्ना हुन आउँदा प्रायोजन गर्ने निकायको चेक मार्फत एक मुष्ट रकम भुक्तानी गर्नु पर्नेछ ।
- दफा ६.२, ६.३ र ६.४ का लागि आवेदन दिने आवेदकहरूले निवेदनको साथमा नेपाली नागरीकताको प्रमाणित प्रतिलिपि ।
- दफा ६.५ विदेशी विद्यार्थीका लागि निवेदन सहित सम्बन्धित देशको पासपोर्ट वा राजदूतावासबाट प्रमाणित गरेको फोटो सहितको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

## ५) आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु:

(क) यस क्याम्पसमा सबै कार्यक्रमहरुको नियमित र पूर्णशुल्किय गरी १४ प्राथमिकताहरु छन् । आवेदकले प्रवेश परीक्षामा प्राप्त गरेको Rank (योग्यताक्रम) को आधारमा Online Application Form मा उल्लेखित प्राथमिकता क्रमानुसार भर्ना सूची प्रकाशन गरिने भएकोले Online Application Form मार्फत आवेदन दिँदा कोटा अनुसार बढिमा १४ प्राथमिकताहरु मध्ये आफूले इच्छाएको कार्यक्रमहरुमा क्रम तोकी आवेदन दिनु पर्नेछ ।

(ख) तल्लो प्राथमिकतामा नाम प्रकाशन भई भर्ना भइसकेका आवेदकहरुको योग्यताक्रमले भ्याएमा माथिल्लो प्राथमिकता क्रममा स्वत: नाम प्रकाशन हुनेछ ।

(ग) माथिल्लो प्राथमिकतामा नाम प्रकाशन भई भर्ना भएका आवेदकले तल्लो प्राथमिकताका कार्यक्रममा परिवर्तन गर्न पाउने छैनन् ।

(घ) कुनै आवेदकले आफूले प्राथमिकताक्रममा राखेको तल्लो प्राथमिकताक्रममा नाम प्रकाशित भई भर्ना भएमा मात्र पछिल्ला सूचीहरुमा आवेदकहरुको योग्यताक्रमले भ्याएमा माथिल्लो प्राथमिकता तोकेका कार्यक्रमहरुमा नाम प्रकाशन गरिनेछ ।

कुनै आवेदकको नाम आफुले तोकेको तल्लो प्राथमिकताको कार्यक्रममा प्रकाशित भएमा निज पछिल्ला सूचीहरुमा माथिल्लो प्राथमिकताको कार्यक्रममा जान तल्लो प्राथमिकताको कार्यक्रममा भर्ना भएकै हुनु पर्नेछ ।

**जस्तै:** कुनै आवेदकले पहिलो प्राथमिकता कम्प्यूटर इन्जिनियरिङ्ग नियमित, दोश्रो प्राथमिकता सिभिल पूर्णशुल्किय तथा तेश्रो प्राथमिकता आर्किटेक्चर नियमित कार्यक्रमको लागि आवेदन गरेको र यस्तो आवेदकको नाम आर्किटेक्चर नियमित कार्यक्रममा भर्नाका लागि प्रकाशन भई निज आर्किटेक्चर कार्यक्रममा भर्ना नभएको खण्डमा भर्ना प्रक्रियाबाट बाहिरिनेछ ।

(ङ) कुनै नियमित कार्यक्रममा भर्ना भएका आवेदकहरुको नाम माथिल्लो प्राथमिकता दिएको कारण पछि पूर्णशुल्किय कार्यक्रममा निक्लेमा निजले पूर्णशुल्किय कार्यक्रमका लागि आवश्यक थप रकम जम्मा गरी अनिवार्य भर्ना हुनु पर्नेछ, नभएमा निजको भर्ना खारेज गरिनेछ ।

**तसर्थ आफूलाई इच्छा नलागेको कार्यक्रमलाई प्राथमिकतामा नभर्नुहुन सूचित गरिन्छ ।**

(च) भर्ना सूचीमा नाम प्रकाशन भई भर्ना हुँदा आफू माथिल्लो प्राथमिकतामा अव उप्रान्त नसर्ने भनी आवेदक स्वयम्ले भर्ना समितिमा लिखित निवेदन दिएमा मात्र निज भर्ना भएकै कार्यक्रममा रहन सक्नेछन् ।

## ६) भर्ना हुँदा ध्यान दिनुपर्ने बिषयहरु:

(क) भर्नाका लागि नाम प्रकाशन भएपछि अनिवार्य रुपमा तोकिएको मिति र समय भित्र आवश्यक शुल्क र कागजातकागजात पेश गरी भर्ना हुनु पर्नेछ ।

(ख) कारणवश अघिल्लो कुनै सूचीमा नाम प्रकाशित भएका आवेदकहरुले म्यादभित्र भर्ना हुन नसके निजले पुन: भर्ना हुन चाहेमा भर्ना समिति समक्ष निवेदन दिनुपर्नेछ । यसरी निवेदन दिनेहरुको निवेदन दिएको लगतै पछि निस्कन लागेको सूचि पछि निस्कने अर्को सूचीमा स्थान रिक्त भएम योग्यताक्रमानुसार नाम समावेश गरिनेछ ।

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

## ७) भर्ना हुनको लागि पेश गर्नुपर्ने कागजात तथा शुल्कः

(क) Online Form भर्दा प्राप्त Confirmation Page

(ख) निम्न अनुसारको शुल्क ।

| अर्धवार्षिक(सेमेस्टर) शुल्क | नियमित विद्यार्थीहरूका लागि | पूर्णशुल्कीय विद्यार्थीहरूका लागि | विदेशी विद्यार्थीहरूका लागि |
|---|---|---|---|
| प्रयोगशाला-शुल्क | ५०।- | ५०।- | २०००।- |
| शिक्षण-शुल्क | २१२६।- | ३२,५००।- | १,००,०००।- |
| प्रवेश-पत्र-शुल्क | १२५।- | १२५।- | २००।- |
| परिचय-पत्र शुल्क | १७५।- | १७५।- | १७५।- |
| विद्यार्थी युनियन-शुल्क | १०।- | १०।- | २०।- |
| पुस्तकालय-शुल्क | ३७।५० | ३७।५० | १,५००।- |
| खेलकुद-शुल्क | १५।- | १५।- | १००।- |
| परीक्षा-शुल्क | ४००।- | ५००।- | २,०००।- |
| परीक्षा-केन्द्र-शुल्क | १००।- | १००।- | १००।- |
| परीक्षा-फारम- शुल्क | १००।- | १००।- | १००।- |
| विद्यार्थीकल्याण-कोष | १०।- | १०।- | १००।- |
| खेलकुद-विकास-कोष | २५।- | २५।- | २५।- |
| इन्टरनेट-सेवा-शुल्क | ६००।- | ६००।- | ८००।- |
| त्रि.वि. दर्ता-शुल्क | - | - | १,०००।- |
| **जम्मा** | **३,७७३।५०** | **३४,२४७।५०** | **१,०८,१२०।-** |
| पुस्तकालय-धरौटी | १,२००।- | ५,०००।- | ५,०००।- |
| प्रयोगशाला-धरौटी | ५००।- | १०,०००।- | १०,०००।- |
| क्याम्पस-धरौटी :<br>(अध्ययन पूरा गरेपछि मात्र फिर्ता | १,७००।- | २५,०००।- | १,००,०००।- |
| **जम्मा** | **३,४००।-** | **४०,०००।-** | **१,१५,०००।-** |
| क्याम्पस-विकास-कोष | ४५०।- | ६००।- | ६००।- |
| क्याम्पस-मर्मत-कोष | ४५०।- | ६००।- | ६००।- |
| छात्रावास-मर्मत-कोष | - | - | - |
| **जम्मा** | **९००।-** | **१,२००।-** | **१,२००।-** |
| विद्यार्थी औषधि उपचार शुल्क | ५०० | ५०० | ५०० |
| **कुल जम्मा** | **८,५७३।५०** | **७५,९४७।५०** | **२,२४,८२०।-** |

**ल्यावोरेटोरी शुल्क** **३०,०००।-** **२,८६,७२०।-** **५,२९,०३४।-**
**(एरोस्पेसको लागी एक पटक मात्र)**

- परीक्षा-शुल्क सम्बन्धमा नियमित र पुर्णशुल्किय विद्यार्थीको लागि क्रमशः त्रि.वि. र इ.अ.सं. बाट परिमार्जन भएमा सोहीअनुसार हुनेछ ।
- यसभन्दा अगाडि त्रि.वि. मा दर्ता नभएकाहरूलाई मात्र देहाय अनुसार त्रि.वि. दर्ता-शुल्क शुल्क लाग्नेछ :
  - o स्वदेशबाट परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूका लागि रु. ५००।००
  - o विदेशवाट परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूका लागि रु. १,०००।००
- छात्रावास मर्मत-कोष-शुल्क छात्रावासमा भर्ना हुने विद्यार्थीहरूका लागि मात्र लाग्नेछ ।

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

- एरोस्पेस इन्जिनियरिङ्गको हकमा सेमेस्टर अनुसारको ल्यावोरेटोरी शुल्क देहाय बमोजिम लाग्नेछ ।

| S.No. | Particulars | PARTIAL FEE | | | FULL FEE | | | FOREIGN STUDENT | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Regular Fee | Lab Fee | Total | Full Fee | Lab Fee | Total | Fee | Lab Fee | TOTAL |
| 1 | 1st Semester | 8,573.5 | 9,000 | 17,574 | 75,947.5 | 85,296 | 1,61,244 | 2,24,820 | 1,58,710 | 3,83,530 |
| 2 | 2nd Semester | 3,773.5 | 3,000 | 6,773.5 | 34,247.5 | 28,432 | 62,679.5 | 1,08,120 | 52,903 | 1,61,023 |
| 3 | 3rd Semester | 3,773.5 | 3,000 | 6,773.5 | 34,247.5 | 28,432 | 62,679.5 | 1,08,120 | 52,903 | 1,61,023 |
| 4 | 4th Semester | 3,773.5 | 3,000 | 6,773.5 | 34,247.5 | 28,432 | 62,679.5 | 1,08,120 | 52,903 | 1,61,023 |
| 5 | 5th Semester | 3,773.5 | 3,000 | 6,773.5 | 34,247.5 | 28,432 | 62,679.5 | 1,08,120 | 52,903 | 1,61,023 |
| 6 | 6th Semester | 3,773.5 | 3,000 | 6,773.5 | 34,247.5 | 28,432 | 62,679.5 | 1,08,120 | 52,903 | 1,61,023 |
| 7 | 7th Semester | 3,773.5 | 3,000 | 6,773.5 | 34,247.5 | 28,432 | 62,679.5 | 1,08,120 | 52,903 | 1,61,023 |
| 8 | 8th Semester | 3,773.5 | 3,000 | 6,773.5 | 34,247.5 | 28,432 | 62,679.5 | 1,08,120 | 52,903 | 1,61,023 |
| | Sub-Total | 34,988 | 30,000 | | 3,15,680 | 2,84,320 | | 9,81,660 | 5,29,031 | |
| | TOTAL FEE | | | 64,988 | | | 6,00,000 | | | 15,10,691 |

(ग) एस.एल.सी. वा सो सरहको परीक्षाको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १।१ प्रति ।

(घ) त्रि.वि. वा त्यसबाट मान्यताप्राप्त शिक्षण संस्थावाट प्रमाणपत्र तह/उच्च माध्यमिक तह (+२)/ए लेभलमा भौतिक शास्त्र, रसायन शास्त्र तथा गणित बिषय लिई भौतिक विज्ञान समूह वा दुवै पत्र गणित लिई जीव विज्ञान समूह वा इन्जिनियरिङ्ग डिप्लोमा तह वा सो सरहको परीक्षामा कूल पूर्णाङ्कको कम्तिमा ४५ प्रतिशत अंकमा Letter Grading भएमा सवै विषयमा C Grade प्राप्त गरी उत्तीर्ण गरेको लब्धाङ्कपत्र, प्रमाणपत्र, चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति ।

(ङ) नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति । विदेशी आवेदकका लागि सम्बन्धित देशको पासपोर्ट वा राजदूतावासबाट प्रमाणित गरेको फोटो सहितको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।

(च) त्रि.वि. बाहेक अन्य विश्वविद्यालय, परीक्षा बोर्डबाट प्रविणता प्रमाणपत्र वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेहरुले सम्बन्धित बोर्डको माइग्रेसन सर्टिफिकेट र समकक्षताको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १।१ प्रति ।

(छ) सुरक्षित कोटामा आवेदन दिने आवेदकहरुले माथि बुँदा नं. ४ मा उल्लेखित कागजातहरु । प्रवेश परीक्षामा उत्तीर्ण भई यस क्याम्पसमा भर्ना हुन चाहने आवेदकहरुले इ.अ.संस्थानबाट प्रकाशित भर्ना सम्बन्धी जानकारी पुस्तिका २०७५ र भर्ना सम्बन्धी विस्तृत सूचना ध्यान दिएर पढ्न हुन र सूचना बमोजिम तोकिएको मितिमा तोकिएको प्रक्रिया पुरा गर्नुहुन ध्यानाकर्षण गराइन्छ ।

## ८) B.Arch. कार्यक्रममा भर्नाको सम्बन्धमा

- B.Arch. (आर्किटेक्चर) कार्यक्रममा भर्नाको लागि आवेदन दिने आवेदकहरुले मिति २०७५ भाद्र १० गते बिहान ८:०० बजे यस क्याम्पसद्धारा संचालन गरिने झुकाव परीक्षा (Aptitude Test) दिनुपर्नेछ ।
- झुकाव परीक्षा (Aptitude Test) मा अनुपस्थित भएमा वा अनुतिर्ण भएमा त्यस्ता विद्यार्थीहरु आर्किटेक्चर कार्यक्रममा भर्ना हुनका लागि योग्य हुने छैनन् ।
- आर्किटेक्चर कार्यक्रममा प्राथमिकता तोकी आवेदन दिने आवेदकहरुलाई झुकाव परीक्षा (Aptitude Test) को लागि थप रु.३००।- लाग्नेछ ।

## ९) यसपछिका कार्यक्रमहरुका लागि मिति २०७५ भाद्र २९ गते सूचना प्रकाशित गरिनेछ ।

अध्यक्ष
भर्ना समिति २०७५
पुल्चोक क्याम्पस

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

## बैंक भाउचर नमुना :



SiddharthaBank

DEPOSIT SLIP
निक्षेप जम्मा रसिद

BRANCH शाखा
DATE मिति

Account Type : खाताको प्रकार: Current चल्ती | Savings बचत | Call कल | ✓ Others अन्य

A/C No. खाता नं. 00915019203

CASH नगद
CHECK चेक

Account Holder's Name खातावालाको नाम: PULCHOWK CAMPUS

Amount in Figures रकम अंकमा

Check Deposit चेक जम्मा

| Check No. चेक न. | Drawee Bank-Branch चेक लेखिएको बैंक-शाखा | Amount रकम |
|---|---|---|
| | | |
| | TOTAL जम्मा | |

Cash Deposit नगद जम्मा

| Denomination नगद विवरण | | |
|---|---|---|
| 1000 x | = | |
| 500 x | = | |
| 250 x | = | |
| 100 x | = | |
| 50 x | = | |
| 25 x | = | |
| 20 x | = | |
| 10 x | = | |
| 5 x | = | |
| 2 x | = | |
| 1 x | = | |
| Coins | = | |
| TOTAL जम्मा | | |

Amount in words रकम अक्षरमा

Business Transaction व्यापारिक कारोबार | Salary तलब | Sale of Assets सम्पत्ति बिक्री | Borrowings सापटी | Others (Please Specify) अन्य (खुलाउनुहोस्)

Deposited by जम्मा गर्ने

Name नाम RAM CHANDRA CHAUDHARY
EXAM ROLL NO. 16026

Sign हस्ताक्षर Ram

Bank's copy